परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १३ ❑ अंक ३३ २०८१ चैत्र ३१ आईतवार Sunday 13, APR 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

**नेपाल खानेपानी संस्थान**
शाखा कार्यालय, विराटनगर

**सूचना**

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

**पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।**

## गणेश प्रगति सेवा समाजको १३ औं साधारण सभा भव्यताका साथ सम्पन्न


गणेश प्रगति सेवा समाज विराटनगर-८ को नयाँ चयन भएको कार्यसमिति ।

विराटनगर । गणेश प्रगति सेवा समाज विराटनगर-८ को १३ औं साधारणसभा सम्पन्न सम्पन्न भएको छ ।

साधारण सभाका प्रमुख अतिथि कोशी प्रदेश सभा सदस्य भीम पराजुलीले दियोमा वत्ती बालेर समुद्घाटन गर्दै भने यस्तो धार्मिक कार्यहरूमा सहयोग गर्न पाएमा आफुलाई गौरवान्वित ठान्छु अगामी आर्थिक वर्षमा मन्दिरको लागि सहयोग गर्ने प्रतिवद्धता जनाउँदै साधारण सभाको सफलताको शुभकामना दिए ।

त्यसैगरी विशिष्ट अतिथि विराटनगर महानगरपालिका वडा नं. ८ को वडा अध्यक्ष राम पोखरेल म जनप्रतिनिधि नभएकै वेला देखि सहयोग गर्दै आएको भन्दै आउने दिनमा पनि जेष्ठ नागरिक पार्क र मन्दिरको लागि सहयोग गर्ने प्रतिवद्धता जनाए ।

साधारण सभामा समाजका आजीवन सदस्यहरुलाइ प्रमाण पत्र प्रदान गरेका थिए । सधारण सदस्य लगायत समाजका बुद्धिजीवी, शिक्षक, लगायतको उपस्थित रहेको थियो ।

साधारणसभाको बन्द सत्रले नयाँ कार्यसमिति चयन गरेको छ ।

राजेन्द्र कुमार थापाको अध्यक्षतामा १३ सदस्य समिति चयन गरेको छ । उपाध्यक्षमा गणेश बहादुर खड्का, सचिव अन्जनी कुमार पोखरेल, सह सचिव विरेन्द्र थापा, कोषाध्यक्ष लक्ष्मी पोखरेल चयन भएका छन ।

त्यसैगरी सदस्यहरूमा श्यामसुन्दर सुन्दर सुतिहार, दिव्य कुमारी रेग्मी, रामलाल सुतिहार, शैलेन्द्र कुमार गुप्ता, सुनिता निरौला, कृष्ण भट्टराई, दिनावती माझी, भरत निरौला चयन भएका छन ।

गणेश प्रगति सेवा समाजको १३ औं साधारणसभा अध्यक्ष राजेन्द्र कुमार थापाको अध्यक्षता खुल्ला तथा बन्द सत्र सम्पन्न भएको छ ।

## संस्कृति संरक्षणको लागि सहयोग गर्ने प्रतिवद्धता

**पदमकुमार सरदार**

विराटनगर । नेपाल बाँतर सरदार समाज कल्याणकारणी एवं उत्थान केन्द्र र युवा समितिको संयुक्त चोथौ अधिवेशनलाई सम्बोधन गर्दै कोशी प्रदेशका सामाजिक विकास मन्त्री पाँचकरण राईले बाँतर जातिको र्धम संस्कृति संरक्षणका लागि सहयोग गर्ने प्रतिवद्धता जनाएका छन ।

कटहरी गाउँपालिका-५ मोधह्रामा नेपाल बाँतर सरदार समाज कल्याणकारणी एवं उत्थान केन्द्र र युवा समितिको संयुक्त चोथौ अधिवेशनलाई सम्बोधन गर्नुहुँदै मन्त्रीराईले सो कुरा वताएका हुन । मन्त्रीराईले बाँतर जातिको संस्कृत भवनका लागि तत्काल योजना माग गर्न बाँतर अगुवाहरुलाई आग्रह गरेका छन ।

नेपालको तराई, मधेश, भित्री मधेश र बराह क्षेत्रमा अवस्थित अनेकौ जंगली फाटहरुमा परापूर्वकाल देखि नै बातर जातिको बसोवास रही आएको कथन रहेको नेपाल बाँतर सरदार समाज कल्याणकारणी केन्द्रीय सभापति मोहनलाल सरदारले बताए ।

सुरुमा रहेको वन्तरा शब्द वि.स. १७२० साल तिर आईपुग्दा अपभ्रम्स भई बातर हुन आएको यस जातीका अगुवा तथा ईतिहास विद्हरुले अधिवेशनमा बताएका थिए । उनीहरुको भनाई अनुसार वन्तरा भन्नाले वनको राजा भन्ने जनाउँछ । यस जातिलाई हाल सरदार पनि भन्ने गरिन्छ । बाँतर जाति आदिवासी भए पनि अहिले दलितमा सुचिकृत रहेको बाँतर अगुवाहरुले बताएका छन् ।

सरदारको अर्थ सतपती र सतपतीको अर्थ सय जना

वांकी अन्तिम पेजमा...

## पर्यटन वर्षको आरआर पार्कमा शुभारम्भ

विराटनगर । कोशी प्रदेश सरकारले पर्यटन वर्ष २०८२ को गुराँसको राजधानी तेर्हथुमको तीनजुरे मिल्कको आरआर पार्कमा बुधवार भव्यरुपमा शुभारम्भ गरेका छन ।

शुभारम्भ कार्यक्रमका प्रमुख अतिथी नेपाल सरकारका उपप्रधानमन्त्री तथा सहरी विकास मन्त्री प्रकाशमान सिंहले शुभारम्भ कोशी प्रदेश सरकारले घोषणा गरेको पर्यटन वर्षले नेपालको अर्थतन्त्रलाई महत्वपूर्ण टेवा पुऱ्याउने वताएका थिए । उपप्रधानमन्त्री सिंहले पर्यटनको माध्यमबाट कोशी प्रदेशले समृद्धि र विकास क्षेत्रमा प्रशंसनीय काम रहेको बताउँदै कोशी प्रदेशमा पर्यटनको प्रचुर सम्भावना रहेको र यसका लागि भारतबाट पर्यटक भित्र्याउन सक्नेछ । उहाँले यसतर्फ प्रदेश सरकारले ध्यान दिनुपर्ने वताए ।

पर्यटनको माध्यमबाट देशमा बढ्दै गएको आर्थिक शिथिलतालाई कम गर्न सकिने बताउँदै उहाँले पर्यटनबाट नेपालको समृद्धि हुने वताए । मुलुक संघीयतामा गएको र यसबाट आम रुपमा जीवन स्तर वृद्धि भएको बताउँदै उहाँले २०४६ साल यताका विकासका तथ्य तथ्याङ्क हेर्न आम नेपाली नागरिकलाई सुझाव दिएका थिए ।

कतिपयले विकास नै नभएको भाष्य सिर्जना गरेर नकारात्मकता फैलाउने प्रयत्न गरेको बताउँदै उहाँले विकास निर्माण र त्यसबाट भएको प्रभावलाई हेर्न आग्रह गरेका थिए । आग्रह पूर्वाग्रह भन्दा तथ्यमा विकास हेर्नुपर्नेमा उहाँको जोड थियो ।

सो कार्यक्रमलाई सम्बोधन गर्दै कोशी प्रदेश

वांकी अन्तिम पेजमा...

**वनजन्तु तथा चराचुरुङ्गीको संरक्षण सम्बन्धी डिभिजन वन कार्यालय, मोरंङ्गको अत्यन्त जरुरी सूचना**

वनजंगल र वन्यजन्तुहरुको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम स्वीकृति नलिई कुनैपनि वन्यजन्तु तथा चराचुरुङ्गी पाल्नु हुँदैन वन्यजन्तुलाई कुनै तरिकाले लखेट्ने, पक्रने, दुःख दिने, मार्ने वा सो गर्न प्रयत्न गर्ने वा त्यसको शरिरको कुनै अङ्ग झिक्ने वा नष्ट गर्ने वा त्यसको अण्डा, गुँड झिक्ने, नष्ट गर्ने वा खलबल गर्ने एवं आखेटोपहार ओसारपसार वा खरिद बिक्री गर्नु गराउनु दण्डनीय अपराध हो । यस्तो कार्य गर्ने व्यत्तिलाई पाँच लाख रुपैयाँ देखि दश लाख रुपैयासम्म जरिवाना वा पाँच वर्ष देखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुने कानुनी प्रावधान रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**डिभिजन वन कार्यालय मोरंग**



परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## बहुउदेश्य...

योगीले स्वागत मन्तब्य राख्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेश प्रहरी कार्यालय प्रमुख विराटनगरका प्रमुख प्रहरी नायव महानिरीक्षक राजन अधिकारीज्यूले विभिन्न स्थानबाट श्रोत साधन जुटाई वहुउदेश्यीय हल निर्माण गर्न सफल भएकोमा जिल्ला प्रहरी कार्यालय उदयपुरका समस्त परिवारलाई धन्यवाद् दिदै आफ्नो मन्तब्य राख्नुभएको थियो ।

## पर्यटन...

सरकारका मुख्यमन्त्री हिक्मतकुमार कुमार कार्कीले प्रदेशबाट सन्देश प्रवाह गरेर आधार वर्ष तयार गर्न यो पर्यटन वर्ष घोषणा गरिएको वताए । कोशी प्रदेशका सबै क्षेत्रहरू पर्यटनको हिसाबले महत्वपूर्ण भएको चर्चा गर्दै मुख्यमन्त्री कार्कीले महत्वपूर्ण क्षेत्रहरूलाई विकास गरेर पर्यटन मार्फत राष्ट्रिय पुजी निर्माण गरिने वताए ।

सरकारले ल्याएको अध्यादेशबाट निजी क्षेत्र उत्साहित भएको र अझै कानुन सुधार गर्नुपर्ने आवश्यकता रहेको औल्याउँदै मुख्यमन्त्री कार्कीले संघीय सरकारले केही कानुनमा अझै सच्याउनुपर्ने र सुधार गरेर जानुपर्ने अवस्था रहेको वताए । नेपालको पर्यटन प्रवर्द्धन गर्नका लागि भारत र चीनबाट पर्यटन भित्र्याउन सक्नुपर्ने बताउँदै यसका लागि संघीय सरकारले काम गर्नुपर्ने वहाँको विचार छ ।

यो प्रदेशमा बाराह क्षेत्र, हलेसी र माङसेबुङ जस्तो विशिष्टकृत धार्मिक क्षेत्र रहेको जानकारी दिँदै उहाँले धार्मिक पर्यटनबाट ठूलो लाभ लिन सकिने बताउनुभयो। पर्यटनको पूर्वाधार र नीति नियममा पनि सबैको चासो र सरोकार रहनुपर्ने उल्लेख गर्दै यसमा सबै राजनीतिक दलको सहयोगको अपेक्षा गरेका छन् ।

## संस्कृती...

मानिसको मालिक भन्ने हुन्छ। तसर्थ सयजना मानिसलाई अगुवाई गरी संचालन गर्ने वा सय जनाको नेतृत्व गर्ने मानिसलाई सरदार भनिन्छ । सामाजिक, आर्थिक एवं शैक्षिक दृष्टिकोणले पछाडी परेका आदिवासी जनजाति हरु मध्ये बाँतर सरदार जाति पनि एक हो ।

तर सरदार (बाँतर) जातीलाई सरकारले २०५३ सालदेख दलितमा सुचिकृत छन् । यस जातिको बंशावली हालसम्म फेला पर्न नसके पनि महाभारत कालको समयमा 'किचक' भन्ने राजाले राज्य गर्दाको अवस्थामा गेड सिंहको बंशबाट झड्केलाको रुपमा जन्मेको हुँदा झड्केलोको अर्थ बेमातर हुनु पर्नेमा बाँतर रहन गएको ईतिहास विद्हरुले बताएका छन् ।

अधिकांस बाँतर भुमिहीन भएका कारण कृषि मजदुरी पेशामा आफ्नो जीवन जीउन बाध्य भएको बाँतर अगुवाहरुले बताएका छन् ।




## विश्वसनीय...

टुंगोमा पुर्‍याउन खवरदारी जरुरी रहेको धारणा राखिन् ।

कार्यक्रममा मानवअधिकार तथा शान्ति समाजका सभापति डा. जीवनकुमार ढकाल, बेपत्ता परिवार समाजका तुलसीप्रसाद आपागाई, राष्ट्रिय मानव अधिकार आयोगका डिल्लीराम लम्साल, प्रयास नेपालका त्रिलोक न्यौपाने, एडभोकेसी फोरमकी अधिवक्ता रुक्मिण दाहाल, अधिकारकर्मी देबी बास्कोटालगायतकाले संक्रमणकालीन न्याय प्रक्रिया दलिय सहमतिका आधारमा चाँडो निरुपण गर्नुपर्नेमा जोड दिए ।

वक्ताहरुले संक्रमणकालीन न्याय राजनीतिक प्रक्रिया पनि भएका कारण राजनीतिक सहमतिकै आधारमा टङ्गोमा पुग्ने बताए । उनीहरुले सत्यतथ्य पत्ता लगाउने, घटनाको प्रवृत्तिको सूक्ष्म विश्लेषण गर्ने, आवश्यक कारबाही गर्ने र परिपूरण लगायत का व्यवस्था गर्ने कामलाई आयोगले प्राथमिकतामा राख्नु पर्ने बताए ।

सङ्क्रमणकालीन न्यायिक प्रक्रियाको सम्बोधन गर्नका लागि नेपाल सरकारले गठन गरेको सिफारिस समितिले तेस्रो पटक पनि पदाधिकारी सिफारिस गर्न नसके पछि हालै चौथोपटक त्यही समितिलाई सरकारले जिम्मेवारी दिएको छ ।

मन्त्रिपरिषद्ले ०८१ कात्तिक २ गते पूर्व प्रधानन्यायाधीश ओमप्रकाश मिश्रको नेतृत्वमा सिफारिस समिति गठन गर्ने निर्णय गरेको थियो । दुई महिनाको कार्यादेश पाएको समितिमा खम्बहादुर खाती, डा. अर्जुनकुमार कार्की र स्टेला तामाङ सदस्य थिए भने राष्ट्रिय मानव अधिकार आयोगले आयोगका सदस्य मनोज दुवाडीलाई सदस्यका रुपमा पठाएको थियो ।

संक्रमणकालीन न्याय सम्बन्धी दुई आयोगमा ०७९ देखि पदाधिकारीविहीन भएपछि ओमप्रकाश मिश्र संयोजकत्वमा गठन भएको सिफारिस समितिले ०८१ कात्तिक २३ गते सार्वजनिक सूचना जारी गरी आवेदन माग गरेको थियो । त्यतिबेला आवेदन दिने म्याद सात दिनको भए पनि पछि पाँच दिन थप गरी आवेदन दिने म्याद मङ्सिर ४ गतेसम्म बनाइएको थियो । सो अवधिमा आवेदन र सिफारिससहित १ सय ५६ जनाको नाम समितिमा प्राप्त भएको थियो । तीमध्येबाट ४० जनाको नाम उल्लेख भएको छोटोसूची मङ्सिर २२ गते सार्वजनिक गरेको थियो । छोटो सूचीमा समावेश भएका व्यक्तिहरुको प्रस्तुति मङ्सिर २९ गते सकिएको थियो । त्यसपछि लगातार बसेको सिफारिस समितिको बैठक निष्कर्षमा पुग्न नसकी विघटित भएको थियो ।

मन्त्रिपरिषद्को ०८१ चैत ११ गते बसेको बैठकले सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश ओमप्रकाश मिश्रको अध्यक्षतामा दुवै आयोगका अध्यक्ष र सदस्य सिफारिस गर्न सिफारिस समिति गठन गरेको छ । सिफारिस समितिका सदस्यमा राष्ट्रिय मानव अधिकार आयोगबाट लीली थापा, पूर्व महान्यायाधिवक्ता खम्बबहादुर खाती, पूर्व राजदूत डा. अर्जुनकुमार कार्की र स्टेला तामाङ रहेका छन् ।

'२०७९ असारदेखि पदाधिकारीविहीन बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्न यस अघि ०८० चैतमा गठन भएको समितिले कामै सुचारु गर्न सकेको थिएन भने ०८१ कात्तिकमा दुई महिने कार्यकाल पाएर काम थालेको यही समितिले म्याद सकिने दिन विज्ञप्ति प्रकाशित गरेर समितिको नाम सिफारिस गर्न नयाँ प्रकृया अघि बढाउन सरकारलाई आग्रह गरेको थियो ।





## नागरिकले पाउने समाजिक सुरक्षा भत्ताहरू

- जेष्ठ नागरिक भत्ता, - अन्य जेष्ठ नागरिक भत्ता,
- एकल महिला भत्ता, - एकल महिला भत्ता,
- विधवा भत्ता, - पूर्ण अपांगता भत्ता,
- अति अशक्त अपांगता भत्ता,
- बाल पोषण भत्ता, - लोपन्मुख जाति भत्ता ।

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आफ्नो स्थानीय तहामा सम्पर्क गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।

## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८२ सालको शुभ अवसररमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पूर्वाञ्चल निर्मल जल उद्योग
विराटनगर-८ शान्ति चौक

## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मेरिल्याण्ड कलेज परिवार
रंगेली रोड, विराटनगर


परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# भित्ते पात्रोमात्र नफेरौं

हामी नेपाली दाजुभाइको लागि आज २०८१ सालको अन्तिम दिनलाई विदाई गर्दै भोली देखि २०८२ सालको शुरुवात गर्दै छौ। नयाँ वर्षले सवै नेपालीमा नयाँ उत्साह, आशा र संकल्प लिएर आउँछ। तर हामी नेपालीहरु घरको दिवालमा झुण्डियाएको भित्ते पात्रो मात्र फेर्ने काम गर्दछौ। यसलाई भित्ते पात्रो फेरीने अवसरको रुपमा नलिइ आफ्नो सपना फेरीने, सम्झिने, जिम्मेवार निकायलाई सचेत गराउने र देशको आर्थिक अवस्थालाई कसरी सुधार गर्ने सामुहिक रुपमा मनन गर्ने वेला हो। देशको बाग्डोर राजनीति दलको हातमा हुन्छ। त्यसैले देशको अवस्था पनि राजनीतिक दलले नै सुधार्ने भन्ने अपेक्षा आम नेपाली जनताले लिएको छ।

जहिले पनि जनतको नजर राजनीतिक दल प्रति केन्द्रित हुन्छ। किन भने तीनै दलको हातमा शासन व्यवस्था सुम्पिएको हुन्छ र तिनकै माध्यमबाट नीतिहरू बनाइन्छन्। तर, विगतका वर्षहरूले नेपाली जनतामा राजनीतिक प्रणालीप्रति निराशा बढाएको छ। राजनीतिक दलहरु चुनाउमा आउँदा घोषणपत्र भरी विकासै विकास लेखिएको थियो। सो अनुसार राजनीतिहरुले काम गर्ने सकेको छैन। जसले गर्दा राजनीतिक दल प्रतिको विश्वास घटेको छ। सडक, शिक्षा, स्वास्थ्य र रोजगारीका सवालमा जनताको जीवनमा खासै परिवर्तन आएको छैन।

२०८२ मा राजनीति गुट, स्वार्थ र सत्ताका लागि नभई जनताको लागि होस भनी चाहेको छ। युवाको प्रतिनिधित्व, स्थानीय तहमा स्रोतको न्यायोचित वितरण, सुशासनको प्रत्याभूति र दीगो विकासका कार्यक्रमहरूमा गम्भीरता देखाउन राजनीतिक दलहरुले ढिलाई गर्नु हुँदैन। मुलुकले भोगि रहको आर्थिक संकट, बेरोजगारी, सामाजिक विसंगतिहरुको दिर्घकाली समाधान होस। नयाँ वर्षको उलक्ष्यमा सम्पूर्ण राजनीतिक दलहरूलाई जनअपेक्षाको उज्यालो बोकेर अघि बढ्न सुझाव दिदै प्रतिस्पर्धा सत्ता पाउने होइन, सेवा दिने होस् कामना सहित २०८२ सालको हार्दिक मंगलमै शुभकामना।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्कतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुर्‍याएर काम गर्नुहोला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# किन जरुरी छ पैसा खर्च गर्ने तरीका सिकाउन ?

**प्रकाश कोइराला**

नेपालको वर्तमान साक्षरता दर ५ वर्ष उमेर र ५ वर्षभन्दा माथि करिब ७६.२ प्रतिशत छ। यसमा ८३.६ प्रतिशत पुरुष र ६९.४ प्रतिशत महिला छन्। तुलनात्मक रूपमा हेर्दा यो तथ्यांक ठीकै छ तर साक्षरता दरमा वृद्धि गर्न आवश्यक छ।

साक्षरता व्यक्तिको राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक पाटोसँग, उसको चेतना र निर्णय गर्न सक्ने क्षमतासँग जोडिएको हुन्छ।

वित्तीय साक्षरताको सन्दर्भ मा नेपालको अवस्था कस्तो छ ? वित्तीय साक्षरता किन आवश्यक छ? वित्त बुझेको मान्छेले आफ्नो जीवनपद्धति कसरी अघि बढाउँछ? पैसा के हो ? यसको महत्त्व के छ ? यसको व्यवस्थापन कसरी हुन्छ ? वित्तीय साक्षरता किन आवश्यक छ ?

आजको पुँजीवादी युगमा यी प्रश्नहरू महत्त्वपूर्ण छन्।

आम नागरिकका लागि वित्तीय साक्षरता जरूरी छ। नेपालमा हाल वित्तीय साक्षरता दर करिब ५७.९ प्रतिशत छ। यसको अर्थ सय जना मान्छेमा करिब ५८ जनाले वित्तका बारेमा धेरथोर जानेका छन्, उनीहरू साक्षर छन् भन्ने हो।

वर्तमान समयमा 'फिनटेक' सम्बन्धी धेरै काम भइरहेको छ। सूचना-प्रविधिको विकास उच्च गतिमा छ। विश्व-व्यवस्था नै सूचना-प्रविधिमा निर्भर छ।

फिनटेक अर्थात् सूचना-प्रविधिको उच्चतम प्रयोग गर्दै बैंक तथा वित्तीय सेवा प्रवाह गर्नु हो; बैंक तथा वित्तीय सेवा सूचना-प्रविधिको प्रयोगबाट सहजीकरण र सरलीकरण गर्नु हो।

यो आलेखमा वित्तीय साक्षरता सम्बन्धी केही कुरा गरेको छु।

वर्तमान विश्व-व्यवस्था मा वित्तीय साक्षरताको चर्चा बढ्दो क्रममा छ। यसबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू काम गर्दैछन्। आम नागरिकले वित्तीय साक्षरता का साथ व्यक्तिको हक-अधिकारको पाटो पनि थाहा पाउनुपर्छ। नेपालमा वित्तीय साक्षरताका सन्दर्भ मा राज्यको नीति प्रभावकारी छैन। यसमा राज्यका निकायहरू पनि चुकेका छन्।

वर्तमानमा पैसा नै सबै थोक हो भन्ने आम मनोविज्ञान प्रबल बन्दै गएको छ। एक हिसाबले यो कुरा ठिकै हो तर योभन्दा बढी महत्त्व पैसाको उचित व्यवस्थापन गर्नुमा छ। पैसाको व्यवस्थापन व्यक्तिको संस्कारमा पनि भर पर्छ। जीवनका हरेक पाटामा संस्कार स्थायी सम्पत्तिका रूपमा रहन्छ जसले हाम्रो जीवनपद्धति निर्धारण गर्छ।

जीवनका लागि पैसा अस्थायी तर अनिवार्य साधन हो। बदलिँदो सामाजिक परिवेशमा हामीले नयाँ पुस्तालाई हाम्रो असल संस्कार र जीवनको मूल्य-मान्यता बुझाउन नसकेको देखिन्छ। नयाँ पुस्ताले पनि स्वीकार गर्न नचाहेको जस्तो देखिन्छ।

आम सामाजिक मनोवृत्तिले पैसा नै सबै थोक हो, पैसा भएपछि सबै किसिमको सुखशयल प्राप्त हुन्छ भन्ने मान्यता विकास गरेको छ। सामाजिक परिवेश परिवर्तनशील छ। मूल्य-मान्यताहरू बदलिँदै गएका छन्। खुसीको स्रोत पनि बदलिँदै गएको छ।

मानिसले पैसा (पुँजी) को अभावमा निकै महत्त्वपूर्ण अवसर गुमाएको हुन सक्छ।

वर्तमान युगमा मानिसका लागि पैसा अनिवार्य साधनका रूपमा रहेको भए पनि खुसीको निर्विकल्प स्रोत बन्न सकेको छैन। पैसा नै निर्विकल्प हो भन्ने भाष्य गलत छ।

अहिलेको मानव जगत् व्यापारको दुनियाँमा छ। व्यापारको सर्वोच्चतामा परिवारको मूल्य-मान्यता, सामाजिक सम्बन्ध, सदभाव र मानवीय संवेदना धुमिल हुँदै जानु चिन्ताको विषय हो।

हाम्रा मूल्य-मान्यता र मानवीय संवेदना पैसासँग तुलना हुन सक्दैनन्। पैसा निर्विकल्प ठानेर सामाजिक शृंखला भताभुंग पार्दै जाने हो भने समाज रहँदैन, व्यक्ति मात्र रहन्छ। पैसा साध्य होइन, अस्थायी माध्यम मात्र हो। स्थायी त पैसा आर्जन गर्ने सीप, ज्ञान र संस्कार हो जो असल सामाजिक मूल्य-मान्यताबाट प्राप्त हुन्छ।

यस किसिमको असल सामाजिक मूल्य-मान्यता विकास गर्न हाम्रा बालबालिका का लागि विद्यालय तहदेखि नै साक्षरता कक्षा चलाउनुपर्छ। वित्तीय साक्षरता व्यावहारिक पठनको हिस्सा हुनुपर्छ। विद्यालय र घरपरिवार दुवैले बालबालिकालाई वित्तीय साक्षरताको व्यावहारिक पाटो सिकाउनुपर्छ। देश विकासका लागि वित्तीय साक्षरता धेरै महत्त्वपूर्ण हुन्छ। वित्तीय रूपमा साक्षर व्यक्तिले आफ्नो जीवनको आर्थिक पक्ष व्यवस्थित बनाउँछ।

वित्तीय व्यवस्थापनको प्रारम्भिक शिक्षा घरमै सुरू हुन्छ।

आम अभिभावकले छोराछोरीको खुसीका लागि पैसा खर्च गर्छन्। आर्जन गर्न सक्ने भएपछि छोराछोरीले आमाबाबुको खुसीका लागि खर्च गर्छन्। यसरी पैसा खर्च गर्दा दूरभविष्यसम्म ध्यान पुर्‍याउनुपर्छ। यसमै जोडिन आउँछ वित्तीय साक्षरता। पैसाको सदुपयोग गर्न नसक्दा भविष्यमा अनेकन अनावश्यक आर्थिक संकट बेहोर्नुपर्ने हुन्छ। संकट टार्न संघर्ष गर्नुपर्ने हुन्छ। यही परिवेशमा 'जनरेसनल पोभर्टी' को समस्या पनि भोग्नुपरेको छ।

'वित्तीय साक्षरता' नहुँदा यस्ता समस्याहरू आउँछन्। यसले तनाव सिर्जना गर्छ।

विद्यालयमा अनेक पारिवारिक पृष्ठभूमिका बालबालिकाहरू हुन्छन्। उनीहरूको आर्थिक अवस्था फरक फरक हुन्छ। यी सबैलाई पैसा आर्जनका लागि जीवनोपयोगी सीप चाहिन्छ। यससँगै पैसाको सदुपयोगबाट आवश्यकताहरू पूरा गर्ने ज्ञान चाहिन्छ। यस्तै ज्ञानका लागि आवश्यक पर्छ वित्तीय साक्षरता।

वित्तीय साक्षरताले व्यक्तिको आर्थिक जीवन सहज बनाउन मद्दत गर्छ। यससँग जोडिएका सबै सरोकारवाला संस्था र विज्ञहरू सक्रिय हुन आवश्यक छ।

वित्तीय साक्षरतामा हासिल गरेको दशकभन्दा बढीको मेरो अनुभवका आधारमा र एक अभियानकर्ताका रूपमा मैले नीतिनिर्माण तहमा पनि सहभागी हुने अवसर पाएँ। मेरो अभियान, अनुभव र नीतिनिर्माणमा सहभागिताका तहबाट हेर्दा मैले आम नागरिकलाई वित्तीय साक्षरता मा अर्थपूर्ण सहभागी गराउन पर्ने देखेको छु।

आमाबुबा, विद्यालय, समाज र सरकारले व्यक्तिको वित्तीय व्यवस्थापनमा के सिकाइरहेका छन् भन्ने कुरा विज्ञ र अभियानकर्ताहरूले थाहा पाउन आवश्यक छ।

मैले वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम चलाउँदा सहभागीहरूको भनाइ हुन्छ- मसँग पैसा छैन, आमाबुबा पैसा खर्च गर्ने कुरा सुन्नै चाहनुहुन्न, परिवारमा बचतको कुरा निस्किँदा खर्च चलाउने त पैसा छैन, केको बचत भन्ने प्रश्न आउँछ, कहिलेकाहीँ त पैसाको विषयमा घरझगडा हुन बेर लाग्दैन।

साँच्चै हो, कतिपयका अभिभावकहरू छोराछोरी पैसाको महत्त्व बुझ्दैनन्, बढी खर्च गर्छन्, बचत गर्न पुग्दैन भन्ने ठान्छन्। तर यो विषयमा परिवारमा कहिल्यै छलफल हुँदैन। यो वास्तविकताले समाजको पिँध (प्रत्येक परिवार र व्यक्ति) सम्म वित्तीय साक्षरता पुगेको छैन भन्ने देखाउँछ। वित्तीय साक्षरताका लागि पियर लर्निङ (सहकर्मी सिकाइ) प्रभावकारी हुने देखिएको छ तर यस्तो सिकाइ गर्न सकिएको छैन।

नेपालको बैंकिङ प्रणाली र बैंक तथा वित्तीय संस्थाहरूलाई वित्तीय साक्षरताको विषयमा अझ उत्तरदायी बनाउनुपर्ने भएको छ। यी संस्थाहरूले आफ्ना प्रोडक्ट ( कार्यक्रम/उत्पादन) मात्र बेच्न बल गर्ने तर वित्तीय साक्षरता मा ध्यान नदिने देखिएको छ।

बैंक तथा वित्तीय संस्थाले आफ्ना ग्राहकहरूलाई वित्त व्यवस्थापन सिकाउनुपर्छ, यसको महत्त्व बुझाउनुपर्छ। बैंकका फ्रन्टलाइनका कर्मचारीहरूले बैंकिङ प्रक्रिया सुरू गर्दा आम ग्राहकलाई वित्त व्यवस्थापन राम्ररी बुझाउनु पर्छ।

ग्राहकको केवाइसी फारम भर्दा वा ग्राहकसँग कागजात माग्दा बैंकका कर्मचारीले त्यसको महत्त्व ठीक ढंगले बुझाउन सक्नुपर्छ। ग्राहकलाई वित्तीय क्षेत्रको सेवा र सुरक्षाको राम्ररी जानकारी भएपछि मात्र आफ्नो पैसा व्यवस्थापनबारे खुलेर छलफल गर्न अघि सर्छन्।

बैंक तथा वित्तीय संस्थाहरूले सेवाग्राहीको उचित सम्मान गर्न सक्दैनन्, वित्त व्यवस्थापनको महत्त्व बुझाउन सक्दैनन् भने तिनले ग्राहक आकर्षण गर्न पनि सक्दैनन्।

हरेक वित्तीय संस्थाले आफ्नो वेबसाइटमा आम ग्राहकले सजिलै बुझ्ने गरी वित्तीय साक्षरता सम्बन्धी सामग्री राख्नुपर्छ। सजिलोका लागि यस्तो सामग्री ग्राहक अनुकूलको भाषामा लेख्नुपर्छ।

वांकी ५ पेजमा...

क्राईम अपरेशन
साप्ताहिक

# विश्वसनिय र पारदर्शी आयोगको माग

विराटनगर । सङ्क्रमणकालीन न्याय प्रक्रियाको प्रभावकारी कार्यान्वयनका लागि मानव अधिकार, राष्ट्रिय, अन्तराष्ट्रिय कानुनका विज्ञ, द्वन्द्वको कहाली र पीडाको अध्ययन, अनुसन्धान र चिन्तन गरेका पङ्क्तिबाट आयोगका पदाधिकारी चयन हुनुपर्ने अधिकारकर्मीहरूले बताएका छन् ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक कोशी प्रदेश कार्यालयले आइतबार विराटनगरमा आयोजना गरेको सङ्क्रमणकालीन न्याय: चुनौती र भावी कार्यदिशा विषयक अन्तरकृयाका सहभागीहरुले उक्त कुरा बताएका हुन् ।

कार्यक्रममा इन्सेकका संस्थापक अध्यक्ष तथा सङ्क्रमणकालीन न्याय निगरानी समितिका संयोजक सुशील प्याकुरेलले सङ्क्रमणकालीन न्यायलाई सही दिशामा लैजान हरसम्भव प्रयास गरिराख्नु पर्ने बताए ।

“सङ्क्रमणकालीन न्यायका लागि गठन हुने आयोगमा राजनीतिक दलले भागवण्डा गर्ने प्रयास गर्नेछन्” प्याकुरेलले भने- “अधिकारकर्मी र सरोकारवाला हरुले उपयुक्त मान्छे खोज्न र राम्रो मानिसको खोजीमा सहयोग गरिरहनु पर्छ ।” प्याकुरेलले सङ्क्रमणकालीन न्यायलाई साँचो अर्थमा टुङ्याउने हो भने आयोगको पदाधिकारी छनौट प्रकृयालाई विश्वसनिय र पारदर्शी बनाउन प्रदेश स्तरमा भएपनि इमान्दारी पूर्वक छलफल गर्नुपर्ने बताए । सङ्क्रमणकालीन न्याय निरुपण नभए पीडितको समस्या यथावत रहने र सबैमाथि प्रश्नचिन्ह उठने भन्दै प्याकुरेलले आयोगमा योग्यता पुगेको अध्यक्ष आवश्यक रहेको बताए । कस्ले, कहाँ, कहिले कुन किसिमको मानवता विरुद्धको अपराध गऱ्यो भन्ने तथ्याङ्क इन्सेकसँग अभिलेख रहेको र सहयोगका लागि तत्पर रहेको भन्दै उनले समस्या समाधानका लागि वातावरण मिलाउन र व्यवहारवादी भएर हिंडन सक्ने व्यक्तिको खोजीमा चनाखो भएर चासो लिनुपर्ने बताए ।

इन्सेकका पूर्व अध्यक्ष सुबोधराज प्याकुरेलले द्वन्द्व रुपान्तरण गरेर मात्र द्वन्द्व समायोजन हुने बताए । राज्यले द्वन्द्वका कारक तत्व पहिल्याउन र समाजले कमजोर पीडितलाई जोगाउन जरुरी रहेको भन्दै उनले देखिजान्ने, सुनिजान्ने, परिस्थितिजन्य प्रमाणका आधारमा सत्य स्थापित हुनुपर्ने बताए । द्वन्द्वपीडितले विश्वास गरेका मानिसले मात्र सत्य स्थापित गर्न सक्ने भन्दै इन्सेकका पूर्व अध्यक्ष प्याकुरेलले पीडित र पीडकसँगै समाजका मानिसलाई राखेर समाधान खोज्नुपर्ने बताए ।

राजनीतिक विश्लेषक कृष्ण पोखरेलले न्याय प्रकृया ढिला भएपछि पीडिकमाथिको आक्षेप र पीडितको आवाज कमजोर हुँदै जाने भएकोले नियतवश संक्रमणकालीन न्याय प्रकृया लम्बाइएको बताए । आवाज कमजोर पारेर अन्तराष्ट्रिय जगतलाई देखाउनैका लागि एकपछि अर्को आयोग गठन गरिएको बताउँदै उनले न्याय प्रकृया विधिवत रुपले अघि बढाउन दवाव दिनुपर्ने आवश्यक्ता औल्याए । न्यायप्रकृयालाई पीडितमैत्री बनाउनु पर्नेमा जोड दिदै उनले राजनीतिक दलका यसम्यान भन्दा द्वन्द्वको समस्या, पीडा जानेका, बुझेका मानिस आयोगमा जानुपर्ने बताए ।

कार्यक्रममा कोशी प्रदेशका पूर्व मुख्य न्यायाधिवक्ता चुडामणी आचार्यले संक्रमणकालीन न्याय टुङ्गोमा पुऱ्याउने काम सरकारको भएकाले सरकार जिम्मेवारीबाट भाग्न नहुने धारणा राखे । यसका लागि द्वन्द्व पीडितहरूका प्रतिनिधिहरूसमेत समेटेर आयोगका पदाधिकारी चयन गर्न उनले सुझाव दिए । उनले आयोगको पदाधिकारी छनोट समितिले यस अघि तयार पारेको नाममा सहमति नभएकाले नयाँ व्यक्तिहरू खोज्नुपर्ने सुझाव दिए ।

कार्यक्रममा राजनीतिक विश्लेषक दिनेश श्रेष्ठले राजनीतिक पार्टीहरू अनिर्णयको बन्दी बन्दा संक्रमणकालीन न्याय टुङ्गोमा पुऱ्याउन अलमल भइरहेको धारणा राखे । उनले संक्रमणकालीन न्याय टुङ्गोमा पुऱ्याउन सम्बद्ध सबै पक्ष लचिलो भएर पीडितलाई न्याय दिन केन्द्रित हुनुपर्ने बताए ।

कार्यक्रममा इन्सेक कोशी प्रदेशका संयोजक मनोहर पोखरेलले द्वन्द्वपीडितको न्याय प्राप्तिमा अवरोध उत्पन्न नहोस् र पीडक व्यक्ति वा समूहले कुनै पनि बहानामा फाइदा नलिओस् भनेर इन्सेकले निगरानीको पहल गरिरहेको बताए । आयोगको पदाधिकारी चयनमा समस्या भए न्याय प्रकृया लम्बिने र द्वन्द्वको अध्ययन गरेका विज्ञको साटो दलको निकटताका आधारमा भए सर्वस्विकार्य नहुने भएकाले आयोको गठन, कार्यविधि र सरकारबाट आवश्यक सहयोग जस्ता विषयहरुमा इन्सेकको सरोकार रहेको बताए ।

नेपाल पत्रकार महासंघ मोरङका पूर्व अध्यक्ष यज्ञ शर्माले दलहरूवीच संक्रमणकालीन न्याय टुङ्गोमा पुऱ्याउने मार्गचित्रका विषयमा साझा सहमति भए मात्रै आयोगले काम गर्न सक्ने बताए । वेपत्ता परिवार समाजका रुपेश साहले सत्य निरुपण तथा मेलमिलाप आयोग चाँडो गठन हुनुपर्ने र न्याय प्रकृयामा अवरोध गर्न नहुने बताए । साहले भने- “हामीले न्याय मागेका हौं । छिटो आयोग गठन गरेर संक्रमणकालीन न्याय निरुपण गरियोस् ।”

सिविन नेपाल कोशी प्रदेश कार्यालयका प्रमुख बासु अधिकारीले संक्रमणकालीन न्यायका लागि नागरिक तहबाट निरन्तर खबरदारी आवश्यक रहेको बताए । उनले गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाको दोषीले उन्मुक्ति पाउन नहुने बताए । गैरसरकारी संस्था महासंघ मोरङकी अध्यक्ष विष्णु शर्माले आयोग गठन गर्न र संक्रमणकालीन न्याय प्रक्रिया

वांकी अन्तिम पेजमा...

# निती कार्यक्रम तथा बजेटको तयारी प्रारम्भ

विराटनगर । कोशी प्रदेश सरकारले आगामी नीति कार्यक्रम तथा बजेटको तयारी प्रारम्भ गरेको छ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले प्रदेशका सचिवहरुलाई नीति कार्यक्रमका प्राथमिकता र बजेटका बारेमा निर्देशन दिनुभएको छ ।

सचिवहरूलाई निर्देशन दिँदै मुख्यमन्त्री कार्कीले नीति र कार्यक्रम राम्रो र प्रभावकारी हुनुपर्ने भन्दै उहाँले सरकारले ल्याउने नीति कार्यक्रम एकातिर र बजेट अर्कोतिर हुने प्रवृत्तिलाई अन्त्य गर्न निर्देशन समेत दिएको छ ।

मुख्यमन्त्री कार्कीले काम कुरो एकातिर जस्तो पनि हुनुभएन आफ्नो स्रोत साधन र सामर्थ्यले भ्याएसम्म सुस्पष्ट नीति बनाउन निर्देशन दिएको छ । नीति कार्यक्रम बनाउँदा आवधिक योजनालाई पनि अध्ययन गर्न र त्यसका विषयलाई ध्यान दिन पनि उहाँले जोड दिएको छ ।

अबको नीति कार्यक्रम सडक बाटो र पुलपुलेसो मात्रै होइन मानवीय सूचाङ्कलाई ध्यान दिएर बनाउनुपर्ने आवश्यकता रहेको औल्याउँदै उहाँले स्वरोजगार उद्दमशीलता लगायतका विषयमा पनि ध्यान दिन निर्देशन दिएको छ ।

’प्रतिनिधि केन्द्रित बजेट होइन अबका नीति कार्यक्रम र बजेट जनतामुखी हुनुपर्छ,’ उहाँले भन्नुभयो, ’जनप्रतिनिधिका घर घडेरी र पहुँचवालाकोमा बाटो र सडक जोडिने खालको विकास हुनुहुँदैन ।’ प्रदेश सरकार स्थापना भएको सात वर्ष पुगिसकेकोले अब प्रदेश सरकारको स्थायी संरचना बनाउने गरी पनि काम थाल्नको लागि मुख्यमन्त्री कार्कीले निर्देशन दिएको छ ।

उहाँले भन्नुभयो ’प्रदेश संरचना बनेको लामो समय भयो अब यसको स्थायी संरचना बनाउन भौतिक पूर्वाधार मन्त्रालय र सरोकारवाला मन्त्रालयले ध्यान दिएर काम गर्नुपर्छ ।’रोजगार उद्दमशीलता वृद्धि हुने र पर्यटन प्रवर्धन हुने खालका योजना ल्याएर प्रदेशको आर्थिक स्रोत वृद्धि गर्ने तर्फ पनि नीति कार्यक्रमले जोड दिनुपर्ने वताए

नीति र बजेट बनाउँदा संघीय सरकारसँग समन्वय गर्न र स्थानीय तहलाई समेत जोड्ने गरी काम गर्न सचिवहरुलाई निर्देशन दिँदै मुख्यमन्त्री कार्कीले लागत साझेदारीका कामहरूले प्रदेशको आम्दानी बढ्ने र सबैले कामको अपनत्त लिने भएकाले यस्ता योजनामा लाग्नुपर्नेमा जोड दिएका थिए ।

**ट्राफिक नियमको पालना गरौं । सडक सुशासन कायम गरौं ।।**

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नरेश राठी
उद्योगी व्यवसायी

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजन खत्री (प्रमुख)
विराट हेल्थ कलेज विराटनगर

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विविक मालपानी
उद्योगी व्यवसायी

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नन्द किशोर राठी
उद्योगी व्यवसायी

क्राईम अपरेशन

# कोशी प्रदेश सरकार पर्यटकीय सवारी साधनलाई स्टिकर टाँस्न शुरू




विराटनगर । कोशी प्रदेश सरकारले सिमा नाकामा पर्यटकीय सवारी साधनलाई स्टिकर टाँस्न सुरु गरेको छ ।

कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले भारतीय सवारी साधनमा स्टिकर टाँसेर अभियानको सुरुवात गरेको हो ।

आगामी २०८२ लाई पर्यटन वर्ष घोषणा गरेको प्रदेश सरकारले पर्यटकहरूलाई सहज र सरल होस् भनेर यो अभियान सुरु गरेको हो । भारतबाट आउने पर्यटकहरुलाई प्रहरीले अनावश्यक दुःख दिने गरेको गुनासो आएपछि यो अभियानलाई कोशी प्रदेशभरि लागू गर्न लागेको छ ।

स्टिकर टाँसेको सवारी साधनलाई नाकामा चेकजाँच गरेपछि अरु बीचमा प्रहरीले चेकजाँच गर्न नपाउने व्यवस्था गरिएको छ । आन्तरिक मामिला तथा कानुन मन्त्री रेवती रमण भण्डारीले सुरक्षाको दृष्टिकोण ले अत्यन्तै संवेदनशील खालको सूचना आएमा मात्र त्यस्ता गाडीमा चेकजाँच गरिने जानकारी दिएको थियो ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले सो अभियानको उद्घाटन गर्दै स्टिकर टासेपछि पर्यटकमा हुने अनावश्यक झन्झट र दुःख हट्ने वताए । यसले कोशी प्रदेशको पर्यटन वर्ष सफल हुने विश्वास लिएको छ ।

नेपालीहरूको मूल मर्म अतिथि देव भव भएकाले अतिथिको सम्मान गर्नु हाम्रो दायित्व भएको बताउँदै कार्कीले अतिथिहरुलाई सम्मान गरेर पर्यटन वर्ष सफल पार्न आम नेपाली नागरिकलाई आग्रह गरेका थिए ।

उहाँले पर्यटन वर्ष सफल भएमा आर्थिक समृद्धि र विकास सम्भव हुने वताए ।

कार्यक्रममा बोल्दै पर्यटन वन तथा वातावरण मन्त्री सदानन्द मण्डलले पर्यटनको माध्यमबाट विकास र समृद्धिलाई अघि बढाउन सबैलाई आग्रह गरेका थिए । कोशी प्रदेश सरकारले वैशाख १ गतेदेखि पशुपतिनगर, काँकरभिट्टा, भन्टाबारी र जोगबनी नाकामा स्टिकर टाँस्ने व्यवस्था गरेको छ । प्रहरी र कर्मचारी राखेर सानो कार्यालय समेत स्थापना गरी यो काम अगाडि बढाइएको छ ।

# बहुउदेश्य हल समुद्घाटन

विराटनगर । जिल्ला प्रहरी कार्यालय उदयपुर परिसरमा निर्मित वहुउदेश्यीय हलको समुद्घाटन कोशी प्रदेश प्रहरी कार्यालय प्रमुख विराटनगरका प्रमुख प्रहरी नायव महानिरीक्षक राजन अधिकारी को प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी, विभिन्न स्थानीय तहका जनप्रतिनिधिहरु, जिल्ला सुरक्षा समितिका पदाधिकारी हरु, विभिन्न सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधिहरु, समाजसेवी एवं सकल दर्जाका प्रहरी कर्मचारीहरु समेत गरी करिब १५० जनाको उपस्थिती रहेको थियो ।

विभिन्न स्थानीय तह, सहयोगी व्यक्तिहरु तथा प्रहरी श्रमदानमा निर्माण भएको उक्त वहुउदेश्यीय भवन निर्माणको उदेश्य, आवश्यक्ता सहित संक्षिप्तमा यस कार्यालयका कार्यालय प्रमुख प्रहरी उपरीक्षक हरिहर नाथ

वांकी अन्तिम पेजमा...

# लागुऔषध गाँजा सहित तीन पक्राउ

विराटनगर । अवैध रकम तथा लागुऔषध गाँजा सहित तीन जनालाई प्रहरीले पक्राउ गरको छ ।

पक्राउ पर्नेमा जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १४ बस्ने बर्ष ६० को छट्टु यादव र सोही ठाउँ बस्ने बर्ष १९ को भुपेन यादवको घरकोठामा लागुऔषध (गाँजा) संचय तथा भण्डारण गरी राखीएको भन्ने सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङ र इलाका प्रहरी कार्यालय रानीबाट खटिएको संयुक्त प्रहरी टोलीले गई खानतलाशी गर्दा निजहरुको घर भित्र सेतो प्लाष्टिकमा प्याकिङ गरि झोलामा राखेको ४५ के.जी. गाँजा सहित तीनीहरुलाई पक्राउ गरेको थियो ।

त्यसै जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ९ महेन्द्र चोक स्थितमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले संका लागी चेकजाँच गर्ने क्रम्मा जिल्ला मोरङ विराटनगर महानगर पालिका वडा नं. १५ बस्ने वर्ष २४ को रोहित कुमार साहलेश्रोत नखुले रकमरु. ७ सात लाख १५ हजार बोकी हिडीरहेको अबस्थामा नियन्त्रण मा लिएको थियो ।

नियन्त्रणमा लिएको तीनै जना उपर थप अनुसन्धान भई रहको प्रहरीले जनाएको छ ।

# बन्दुक सहित तीन पक्राउ

बिराटनगर । मोरङ र धनकुटाबाट ४ नाल भरुवा बन्दुक सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

चैत २४ गते साँझ विशेष सुचनाको आधारमा मोरङको इलाका प्रहरी कार्यालय बेलबारीबाट गस्तीमा खटिएको प्रहरी टोलीले केराबारी गाउँपालिका-८ आमजुङगी सामुदायिक वनमा भरुवा बन्दुक बोकी हिडिरहेको अवस्थामा केराबारी-८ का ४४ बर्षीय मणीराज याख्या राई र ३४ बर्षीय डिल्ली कुमार कार्कीलाई ३ नाल लोड गरेको भरुवा बन्दुक सहित पक्राउ गरेको थियो ।

त्यसैगरी धनकुटाको प्रहरी चौकी जोरपाटीबाट खटिएको प्रहरी टोलीले छथरजोरपाटी गाँपालिका-४ का २८ बर्षीय राम कृष्ण लिम्बुलाई लोड भएको १ थान भरुवा बन्दुक बोकी हिडिरहेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

पक्राउ गरेको उनिहरुको थप अनुसन्धान भईरहेको छ ।

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दिनबन्धु गोयल
उद्योगी व्यवसायी एवं समाज सेवी

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जुगल राठी
गोल्ड सिलभर मार्ट विराटनगर

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डि. ए. भी. स्कुल परिवार
रानी, विराटनगर

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वैद्य परमेश्वर मुर्मू
जगदम्बा जडीबुटी सेन्टर विराटनगर

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

# लागुऔषध सहित मोरंग र सुनसरीबाट १२ पक्राउ

बिराटनगर । मोरङ र सुनसरीको बिभिन्न स्थानहरुबाट चैत्र २३ गते प्रतिबन्धित लागुऔषध सहित १२ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

वडा प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले देश भारत घर भई सुनसरीको धरान उप-महानगरपालिका-९ मा बस्दै आएका ३० बर्षीय विजय साह, धरान-९ का २७ बर्षीय निरन्जन यादव, धरान-१० का २५ बर्षीय विशेष राई र धरान-१७ का २६ बर्षीय निश्चल राईलाई धरान-९ बाट स्पामो प्रोक्सीभोल-८० ट्याब्लेट, ट्रामाडोल १ हजार ४ सय ४० क्याप्सुल, नेटराजेपाम-७५ ट्याब्लेट र इस्कोफ ७ बोतल सहित नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी अस्थायी प्रहरी चौकी रेल्वेको प्रहरी टोलीले धरान-११ बाट २२ बर्षीय संजिव सुनुवार र १९ बर्षीय सविन परियारलाई त्व्बःइी-५० लेखिएको ४ सय ६० क्याप्सुल, नियन्त्रित औषधी स्पास्पेन ४ सय ६९ ट्याब्लेट सहित नियन्त्रणमा लिएको थियो ।

लागुऔषध ब्राउनसुगर २ ग्राम ८९ मिलिग्राम सहित धरान-५ का २६ बर्षीय दिवेश रम्तेल, सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-५ का २६ बर्षीय रहिस मन्सुरी र सुनसरीको ईटहरी उप-महानगरपालिका-५ का ३२ बर्षीय सनम शेर्पालाई इलाका प्रहरी कार्यालय लौकहीको प्रहरी टोलीले पक्राउ गरेका थिए ।

सुनसरीको अस्थायी प्रहरी पोष्ट जोरसखुवाको प्रहरी टोलीले धरान-१५ का एक बालकलाई उनकै घर छेउबाट निर्यान्त्रित औषधी कोलिवाम ८ सय ५, क्याप्सुल र ट्रमाडोल-८ सय ५ क्याप्सुल सहित नियन्त्रणमा लिएको थियो । इलाका प्रहरी कार्यालय उर्लावारीबाट बिशेष सुचनाको आधारमा खटिएको प्रहरी टोलीले उर्लावारी नगरपालिका-५ स्थितबाट १९ बर्षीय सुजन शिवालाई ट्रामाडोल १ सय ६०ट्याब्लेट, स्पाष्मिड १ सय ६० क्याप्सुल सहित नियन्त्रणमा लिए संगै बिक्री बितरणमा संलग्न मोरङको पथरी शनिश्चरे नगरपालिका-२ का २९ बर्षीय सुमन गुरुङलाई ट्रामाडोल १ हजार १६ ट्याब्लेट र स्पाष्मिड ९ सय ८० क्याप्सुल सहित पक्राउ गरेको थियो ।

प्रतिबन्धित लागुऔषध सहित पक्राउ परेका सबैजनाको सम्बन्धीत प्रहरी कार्यालयहरुबाट थप अनुसन्धान भई रहेको छ ।

# झापा, मोरंग र सुनसरीबाट लागुऔषध सहित ८ पक्राउ

बिराटनगर । झापा, मोरङ, सुनसरी र उदयपुरबाट लागुऔषध सहित ८ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

चैत्र २५ गते विशेष सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङ र इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले बिराटनगर-१४ का ६० बर्षीय छटु यादव र १९ बर्षीय भुपेन यादवलाई उनिहरुको घरबाट ४५ किलोग्राम गाँजा सहित नियन्त्रणमा लिएको थियो ।

त्यसै गरी बिशेष सुचनाकै आधारमा इलाका प्रहरी कार्यालय उर्लाबारी र दमकबाट खटिएको प्रहरी टोलीले सुनसरी रामधुनी घर भई हाल झापा दमकमा डेरा गरि बस्दै आएका २६ बर्षीय विवेक माझीलाई उनकै कोठाबाट ट्रामाडोल ९ हजार १८० ट्याब्लेट, स्पास्टिन १६ हजार ५०० क्याप्सुल र नगद २ लाख ८९ हजार रुपैंया सहित नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी सुनसरीको अस्थायी प्रहरी बिट बरगाछी र अस्थायी प्रहरी पोष्ट जोरसखुवाले स्पास्मो १२२ क्याप्सुल, ट्रामाडोल २७५ क्याप्सुल र स्पास्पाईज २८० चक्की सहित धरान-१ का ५६ बर्षीय राजु क्षेत्री, २९ बर्षीय सकुल अधिकारी र १९ बर्षीय ओसिन डंगोललाई नियन्त्रणमा लिएको थियो ।

त्यस्तै गरी झापाको लागुऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टाको प्रहरी टोलीले ब्राउन सुगर १० ग्राम १ मिलिग्राम सहित बिर्तामोड-६ का ३० बर्षीय संतोष भट्टराईलाई र बेलका-५ उदयपुरका ३० बर्षीय मिलन राईलाई ट्रामाडोल र स्पाईस ६७ चक्की सहित प्रहरी चौकी लालबजार उदयपुरले पक्राउ गरेको थियो । पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको छ ।

## किन जरुरी...

साक्षरता 'टिप्स र टूल्स' पनि उपलब्ध गराउनुपर्छ। विकसित देशहरूले सूचना तथा सञ्चार प्रविधि र एआई समेतको सहयोगमा यस्ता सामग्री प्रभावकारी रूपमा प्रस्तुत गर्ने गरेका छन् । नेपालका वित्तीय संस्थाहरूले पनि यसलाई प्राथमिकतामा राख्न आवश्यक छ ।

बैंक तथा वित्तीय संस्थाहरूको सामाजिक उत्तरदायित्व पनि हुन्छ । यसअन्तर्गत लगानी गर्दा वित्तीय साक्षरतालाई प्राथमिकतामा राख्नुपर्छ । प्रभावकारी तरिकाले छलफल, गोष्ठी, कार्यशाला तथा प्रतियोगिता जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्छ। ग्राहकहरूले वित्तीय साक्षरता आफ्नो घरपरिवारमा पुर्‍याउनुपर्छ ।

यसरी सामाजिक र आर्थिक पक्षमा प्रभाव पार्दै व्यापक अभियान सिर्जना गर्नुपर्छ। यसमा नेपाल राष्ट्र बैंकले प्रयास गर्दै आएको छ तर पर्याप्त छैन, धेरै काम गर्न बाँकी छ । राष्ट्र बैंकको नेतृत्वले वित्तीय साक्षरता कार्यक्रम व्यापक र प्रभावकारी बनाउन सबै बैंक तथा वित्तीय संस्था र सरोकारवालाहरूको सहभागिता बढाउनुपर्छ । यस सम्बन्धी नीतिनियम र कार्यक्रम बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ ।

वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमको अनुगमन र मूल्यांकन पनि प्रभावकारी हुन आवश्यक छ। राष्ट्र बैंकले यसको पनि कार्यविधि तयार गरी सबै सरोकारवाला मार्फत कार्यान्वन गराउन ुपर्छ ।

नेपालमा वित्तीय साक्षरता फैलिँदै छ तर प्रभावकारिता र व्यापकता बढाउन आवश्यक छ । राष्ट्र बैंकले यस सम्बन्धी सहजीकरण र प्रोत्साहनको वातावरण तयार गर्नुपर्छ ।

वर्तमान विश्वमा वित्तीय साक्षरता महत्त्वपूर्ण एक प्रक्रिया हो । वित्तीय साक्षता परिवर्तनशील छ र यो समयानुकूल हुन्छ । आजको जानकारी एक वर्षपछि काम नलाग्न सक्छ । यसकारण नयाँ प्रविधि अनुसार अद्यावधिक हुन आवश्यक हुन्छ ।

ग्राहक आफै जानकार हुँदैन। बैंक तथा वित्तीय संस्थाले नै ग्राहकको आवश्यकता पहिचान गरेर जानकारी गराउनुपर्छ । वित्तीय साक्षरता व्यक्तिको दैनिक व्यवहारसँग जोडिएको हुन्छ । भन्ने तथ्य सबै सरोकारवालाहरूले थाहा पाउन र तदनुकूल व्यवहार गर्न आवश्यक छ ।

(लेखक प्रकाश कोइराला फिनलिट नाम कम्पनीका संस्थापक हुन् । उनी सन् २०२१ मा फोर्ब्सको '३० अन्डर ३० एसिया- फाइनान्स एन्ड भिसी' को सूचीमा पनि परेका थिए ।) सेतोपाटीबाट सभार

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।
अन्तरिक राजश्व कार्यालय विराटनगर

हार्दिक मंगलमय शुभकामना
नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विराटनगर दुग्ध वितरण आयोजना
कंचनवारी, विराटनगर

हार्दिक मंगलमय शुभकामना
नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
NEURO CARDIOMULTISPECIALITY
HOSPITAL PVT.LTD. BIRATNAGAR

हार्दिक मंगलमय शुभकामना
नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
लाईफ गार्ड हस्पिटल परिवार
बरगाछी, विराटनगर

हार्दिक मंगलमय शुभकामना
नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गोल्डेन हस्पिटल परिवार
हस्पिटल चौक विराटनगर